# कञ्चनपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन


सुशीला भट्ट

परीक्षा क्रमाङ्क : ७२२८११८/०७५

त्रि.वि. दर्ता नं. : ९-२-३३१-९०-२०१०


त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत
स्नातकोत्तर तह चौथो सत्र नेपा.शि. ५४४ पाठ्यांशको
प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र


नेपाली भाषा शिक्षा विभाग

त्रि.वि., कीर्तिपुर ।


२०७५/२०१९


कञ्चनपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन



२१/०७६



सुशीला भट्ट

# प्रतिबद्धता पत्र

*कञ्चनपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पार्दा प्रयोग उपयोगमा ल्याएका शोध प्रतिवेदनभित्रका सामग्रीहरू नितान्त मौलिक हुन् । प्रस्तुत शोधपत्रमा आवश्यकताअनुसार स्रोत खुलाएर वाक्यांश तथा वाक्यहरू साभार गरिएको छन् । यस शोधपत्रका अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । अतः यो शोधपत्र नितान्त मौलिक भएको प्रतिवद्धता व्यक्त गर्दछु ।

.......................

शोधार्थी

सुशीला भट्ट

मिति : २०७५/१२/१०

## शोधनिर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह चौथो सत्रकी छात्रा सुशीला भट्टले *कञ्चनपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन* शीर्षकको शोधपत्र मेरा निर्देशनमा रहेर तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..................................

प्रा.डा. राजेन्द्रप्रसाद पौडेल
शोधनिर्देशक
शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर

मिति : २०७६/०१/०२
April 15, 2019

शिक्षाशास्त्र सङ्काय

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि., कीर्तिपुर

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको आवश्यकता पूर्तिका लागि छात्रा सुशीला भट्टद्वारा *कञ्चनपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन* शीर्षकमा तयार गरिएको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) .........................

२. प्रा.डा. राजेन्द्रप्रसाद पौडेल (शोधनिर्देशक) .........................

३. प्रा. महेश्वर न्यौपाने (शोधविशेषज्ञ) .........................

मिति : २०७६/०१/२३

May 6, 2019

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र, सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको (नेपा.शि. ५४४) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत *कञ्चनपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन* शीर्षकमा तयार पारेकी छु । मैले यस शोधकार्यलाई आदरणीय गुरु प्रा.डा. राजेन्द्रप्रसाद पौडेलको निर्देशनमा तयार पारेकी छु । आफ्नो अमूल्य समयभित्र पनि मलाई कुलश निर्देशनको साथै आवश्यक सल्लाह र सहयोग प्रदान गर्नुभएकोमा आदरणीय शोधनिर्देशक गुरु प्रा.डा. राजेन्द्रप्रसाद पौडेलज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोधशीर्षकलाई स्वीकृत गरी शोधकार्य गर्न अनुमति दिनुभएकोमा नेपाली भाषा शिक्षा विभाग र शोधप्रस्ताव स्वीकृत गरी कार्य थालनी गर्न सहयोग पुऱ्याइदिनु हुने विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. रामप्रसाद भट्टराई लगायत विभागका सम्पूर्ण गुरुवर्गप्रति आभार प्रकट गर्दछु ।

साथै यस शोधलेखनको क्रममा सहयोगी भूमिका गर्नुहुने कञ्चनपुर जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका प्रधानाधयापक, विद्यालयका विषय शिक्षक, सम्पूर्ण शिक्षक र मेरो अनुरोध स्वीकार गरिदिने विद्यार्थी भाइबहिनीहरूप्रति पनि हृदयदेखि नै आभार प्रकट गर्दछु । आफूले परिश्रम गरी मेरो अध्ययन कार्यमा सधैँ मार्ग निर्देशन तथा हरेक कार्यमा साथ दिने आमाबुवा र सम्पूर्ण शुभचिन्तकहरूप्रति कृतज्ञता व्यक्त गर्दछु ।

त्यसैगरी कम्प्युटरसम्बन्धी काम गरी शोधपत्र तयार गर्न महत्त्वपूर्ण सहयोगी भूमिका निभाउने ‘जी’ कम्प्युटर सेन्टर, कीर्तिपुरप्रति विशेष धन्यवाद अर्पण गर्दछु ।

सुशीला भट्ट

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि., कीर्तिपुर

# शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर चौथो सेमेष्टरको पाठ्यांशको नेपा.शि. ५४४ को प्रयोजनका निम्ति प्रस्तुत गरिएको छ । प्रस्तुत शोधकार्यको उद्देश्य कञ्चनपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचान गर्नु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गर्नु र विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमता पहिचान गर्नुमा मात्र सीमित रहेको छ ।

प्रस्तावित अध्ययनलाई छोटो रूपमा पूर्णता दिने उद्देश्य राखी कञ्चनपुर जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ । अनुसन्धानकर्ताले पहिलो पटक सङ्कलन र प्रयोग गरिएको तथ्याङ्क प्राथमिक स्रोतअन्तर्गत पर्दछन् । यस्ता स्रोतहरूले अध्ययनलाई विश्वसनीय र वैध बनाउँछ । यस अध्ययनमा नमुना छनोटमा परेका विद्यालयका विद्यार्थीहरूलाई दृष्टांश र अदृष्टांश गद्यांशबाट दिएका प्रश्नहरू र तिनका उत्तरहरूलाई प्राथमिक स्रोतअन्तर्गत राखिने छ । अनुसन्धानको सिलसिलामा पूर्व प्रकाशित तथा सङ्कलित तथ्याङ्कहरूलाई द्वितीयक स्रोत भनिन्छ । यस अध्ययनमा द्वितीयक स्रोतका रूपमा सम्बन्धित विषय क्षेत्रका पुस्तकहरू, शोधपत्रहरू, सन्दर्भ पुस्तकहरू विभिन्न विज्ञहरूको सल्लाह र सुझाव, पत्रपत्रिका आदिबाट प्राप्त तथ्याङ्कलाई लिइएको छ ।

कञ्चनपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पत्ता लगाउने उद्देश्यले गरिएको यस अध्ययनमा पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका कक्षा पाँचमा अध्ययनर विद्यार्थीहरूबिच परीक्षण गरी प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा निम्नानुसार निष्कर्ष निकालिएको छ ।

- समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको विश्लेषण गर्दा ६० प्रतिशत भन्दा माथि अङ्क ल्याउने विद्यार्थीरुको सङ्ख्या ७६ देखिनुले समग्र विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ ।
- समग्र पठनबोध क्षमताका आधारमा विद्यार्थीको पठनबोध क्षमताको समग्र मध्यमान र मानक लिचलनका आधारमा हेर्दा मध्यमानभन्दा माथि ६९ प्रतिशत रहेकाले पठनबोध क्षमता राम्रो रहेको देखिन्छ । समग्र मानक

विचलन १८.४१ रहेको पाइनुले विद्यार्थीरुको पठनबोध क्षमता तथा प्राप्ताङ्कमा भने एकरूपता पाइदैन ।

- समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थितिलाई प्रतिशतमा हेर्दा ६० प्रतिशतभन्दा माथि अङ्क ल्याउने ७९ प्रतिशत रहेको देखिएकाले दृष्टांश पठनबोध क्षमता स्तर राम्रो रहेको पाइन्छ ।
- समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थितिलाई मध्यमान र मानक विचलनका आधारमा हेर्दा मध्यमानभन्दा माथि ६६ प्रतिशत विद्यार्थी सङ्ख्या र मध्यमानभन्दा कम ३४ जना विद्यार्थीहरू दृष्टांश पठनबोध क्षमता राम्रो रहेको देखिन्छ भने मानक विचलन ८.१७ रहनुले प्राप्ताङ्कमा एकरूपता रहेको पाइन्छ ।
- समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थितिलाई प्रतिशतमा हेर्दा ६० प्रतिशतभन्दा माथि अङ्क ल्याउने ७३ प्रतिशत रहेकाले विद्यार्थीरुको अदृष्टांश पठनबोध क्षमता राम्रो रहको पाइन्छ ।
- सग्रग विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थितिलाई मध्यमान र मानक विचलनका आधारमा हेर्दा मध्यमानभन्दा माथि ६७ प्रतिशत सङ्ख्या र मध्यमानभन्दा कम ३३ प्रतिशत विद्यार्थीहरू देखिएकाले अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको देखिन्छ भने मानक विचलन १०.९० रहनुले प्राप्ताङ्कमा एकरूपता रहेको पाइदैन् ।
- समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको स्थितिलाई तुलनात्मक रूपमा विश्लेषण गर्दा दृष्टांश पठनबोध क्षमताको मध्यमान अदृष्टांश पठनबोध क्षमताको मध्यमानभन्दा ०.९२ ले बढी देखिनुले दृष्टांश पठनबोध क्षमता अदृष्टांश पठनबोध क्षमता भन्दा राम्रो रहेको देखिन्छ ।
- लैङ्गिकता आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन विश्लेषण गर्दा ६० भन्दा माथि अङ्क ल्याउने छात्रहरूको सङ्ख्या ३६ जना र ६० भन्दा तल अङ्क ल्याउने १४ जना रहेकाले छात्रहरूको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ ।

- मधयमानका भन्दा तल १५ जना र मध्यमानभन्दा माथि ३५ जना रहेको पाइन्छ भने मानक विचालन १९.०० रहेको छ । यस आधारमा छात्रहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको पाइन्छ ।
- छात्राहरूको पठनबोध क्षमताको अध्ययन विश्लेषण गर्दा ६० भन्दा माथि अङ्क ल्याउने छात्राहरूको सङ्ख्या ४० जना र ६० भन्दा तल अङ्क ल्याउने १० जना रहेकाले छ । यस आधारमा छात्राहरूको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ । मध्यमानभन्दा तल १५ जना र मध्यमानभन्दा माथि ३५ जना रहेको पाइन्छ भने मानक विचलन १७.९४ रहेको छ । यस आधारमा छात्राहरूको पठनबोध क्षमता उच्च रहृेको पाइन्छ ।
- छात्र र छात्राहरूको पठनबोध क्षमताको तुलनात्मक रूपमा विश्लेषण गर्दा ६० भन्दा माथि अङ्क ल्याउने छात्र तर्फ ३६ र छात्रा तर्फ ४० जना विद्यार्थीहरूको सङ्ख्या रहेकाले छात्रहरूको तुलनामा छात्राहरूको पठनबोध क्षमता बढी सन्तोषजनक रहेको पाइन्छ ।
- विद्यालय प्रकृतिका आधारमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको न्यूनतम प्राप्ताङ्क ३० र उच्चतम प्राप्ताङ्क ९० तथा मध्यमान ७७.०० रहेको छ । मध्यमानभन्दा तल २० जना र मध्यमानभन्दा माथि ३० जना रहेको पाइन्छ भने मानक विचलन ११.६४ रहेको छ । यस आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको देखिन्छ ।
- विद्यालय प्रकृतिका आधारमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको न्यूनतम प्राप्ताङ्क १६ र उच्चतम प्राप्ताङ्क ८७ तथा मध्यमान ६१.१२ रहेको छ । मध्यमानभन्दा तल २० जना र मध्यमानभन्दा माथि ३० जना रहेको पाइन्छ भने मानक विचलन ११.६४ रहेको छ । यस आधारमा सामुदायिक विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमन खालको रहेको देखिन्छ ।
- सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमतालाई तुलनात्मक रूपमा विश्लेषण गर्दा सामुदायिक तर्फ ६० प्रतिशत भन्दा माथिको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३१ र संस्थागततर्फ ४५ जना

विद्यार्थीहरूको सङ्ख्या रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको देखिन्छ ।

- मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्दा १५.८८ प्रतिशतले अन्तर भएकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ भने विचलनका र संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विलचनका हेर्दा सामुदायिक विद्यालयको ९.११ प्रतिशतले बढी रहेकाले सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च  रहेको पाइन्छ ।
- विभिन्न समुहबिच छुट्टाछुट्टै मध्यमान र मानक विचलन निकाली समग्र मध्यमन र मानक विचलनका आधारमा विश्लेषण गर्दा छात्र भन्दा छात्राहरूको पठनबोध क्षमता उच्च रहेको देखिन्छ । समग्र मध्यमान ६८.८६ रहेकोमा छात्राहरूको समग्र मध्यमान ६७.८८ रहेको पाइनु र छात्र ६९.८४ रहेको पाइनुले उक्त कुरा प्रमाणित हुन्छ ।
- विभिन्न समूहबिच छुट्टाछुट्टै मध्यमान र मानक विचलन निकाली समग्र मध्यमान र मानक विचलनका आधारमा विश्लेषण गर्दा सामुदायिक विद्यलायका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको देखिन्छ । समग्र मध्यमान ६८.८६ रहेकामा सामुदायिक मध्यमान ६१.१२१ रहेको पाइनु र संस्थागत विद्यालयका विद्यार्थीहरूको समग्र मध्यमान ७७.०० रहेको पाइनुले संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको कुरा प्रमाणित हुन्छ ।

# विषयसूची

पृष्ठ

## अध्याय एक

## शोधपरिचय


१.१ पृष्ठभूमि १

१.२ समस्याकथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ अध्ययनको औचित्य/सान्दर्भिकता ३

१.५ अध्ययनको सीमाङ्कन ४

१.६ शोधको रूपरेखा ५


## अध्याय दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा


२.१ पूर्वकार्यको समीक्षा ६

२.१.१ पुस्तक समीक्षा ६

२.१.२ शोधकार्यको समीक्षा ८

२.२ सैद्धान्तिक अवधारणा १२

२.२.१ पठनबोधको परिचय १२

२.२.२ पठनबोधका प्रकार १४

२.२.२.१ श्रुतिबोध १४

२.२.२.२ पठनबोध १५

२.२.३ पठनबोध शिक्षणको प्रयोजन १५

२.२.४ पठनबोध शिक्षणका कार्यकलापहरू १६

२.२.५ पठनबोधका तहहरू १७

२.२.५.१ अभिधात्मक तह १७

२.२.५.२ व्याख्यात्मक तह १७

२.२.५.३ समीक्षात्मक तह १७

२.२.५.४ सिर्जनात्मक तह १७

२.२.६ पठनबोधमा प्रभाव पार्ने तत्त्वहरू १७

२.२.६.१ पाठ्य सामग्रीको छनोट १८

२.२.६.२ वातावरण १८

२.२.६.३ उत्प्रेरणा १८
२.२.६.४ अभिरुचि १९
२.२.६.५ अभ्यास १९
२.२.६.६ विद्यार्थीहरूको शारीरिक, मानसिक अवस्था १९
२.२.७ पठनबोधको महत्त्व १९
२.२.८ पठनबोधका चरणहरू २०
२.२.८.१ पहिचान २०
२.२.८.२ सङ्गठन २०
२.२.८.३ अर्थानुसन्धान २१

## अध्याय तीन

## अध्ययन विधि र प्रक्रिया

३.१ अध्ययन विधि २२
३.१.१ जनसङ्ख्या छनोट २२
३.१.२ प्रतिनिधि नमुना छनोट २२
३.१.३ सामग्री निर्माण र प्रयोग तथा परीक्षण २२
३.१.४ तथ्याङ्क सङ्कलन २३
३.१.५ तथ्याङ्कको व्याख्या विश्लेषण २४

## अध्याय चार

## समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको विश्लेषण

४.१ समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति २५
४.१.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति २५
४.१.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति २७
४.१.३ समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति २९
४.१.३.१ प्रतिशतका आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति २९
४.१.३.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति ३१
४.१.४ समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति ३२
४.१.४.१ प्रतिशतको आधारमा समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति ३२
४.१.४.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति ३४

४.१.५ समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलना ३६
४.१.६ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको समूहगत स्थिति ३७

## अध्याय पाँच

## लैङ्गिकताका आधारमा पठनबोध क्षमताको स्थिति

५.१ छात्रहरूको पठनबोध क्षमता ३९
५.१.१ छात्रहरूको प्रतिशतका आधारमा पठनबोध क्षमता ३९
५.१.२ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको पठनबोध क्षमताको स्थिति ४१
५.२ छात्राहरूको पठनबोध क्षमता ४२
५.२.१ छात्राहरूको प्रतिशतका आधारमा पठनबोध क्षमता ४२
५.२.२ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको द्वघ पठनबोघ क्षमता ४५
५.२.३ छात्र तथा छात्राहरूको पठनबोध क्षमताको तुलना ४७
५.४.३ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको पठनबोध क्षमताको तुलना ४९

## अध्याय छ

## विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमता

६.१ सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पठनबोधको स्थिति ४९
६.१.१ प्रतिशताङ्कका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता ४९
६.१.२ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता ५१
६.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता ५२
६.२.१ प्रतिशताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति ५२
६.२.२ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता ५४
६.३.३ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलना ५६
६.२.४ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलना ५८

## अध्याय - सात

## सारांश, निष्कर्ष र उपयोगिता


| | | |
|---|---|---|
| ७.१ | सारांश | ६० |
| ७.२ | निष्कर्ष | ६१ |
| ७.३ | उपयोगिता | ६४ |
| | ७.३.१ प्रयोगगत उपयोगिता | ६४ |
| | ७.३.२ नीतिगत उपयोगिता | ६५ |
| ७.४ | पठनबोध क्षमता सुधारका लागि आवश्यक सुझावहरू | ६५ |

**सन्दर्भ सामग्रीसूची** ६८

**परिशिष्ट**

**व्यक्तिवृत्त**

# तालिका सूची


| | | पृष्ठ |
|---|---|---|
| तालिका नं. ४.१ | समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति | २६ |
| तालिका नं. ४.२ | मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति | २८ |
| तालिका नं. ४.३ | समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको तथ्याङ्क | २९ |
| तालिका नं. ४.४ | मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति | ३१ |
| तालिका नं ४.५ | समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको तथ्याङ्क | ३३ |
| तालिका नं ४.६ | मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति | ३५ |
| तालिका नं. ४.७ | समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलना | ३६ |
| तालिका नं. ४.८ | समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको समूहगत स्थिति | ३७ |
| तालिका नं. ५.१ | प्रतिशतका आधारमा छात्रहरूको पठनबोध क्षमता | ३९ |
| तालिका नं. ५.२ | मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको पठनबोध क्षमताको स्थिति | ४१ |
| तालिका नं. ५.३ | छात्रहरूको पठनबोध क्षमताको स्थिति | ४२ |
| तालिका नं. ५.४ | मध्यमान र मानक विचलनका आधारमा पठनबोध क्षमताको स्थिति | ४४ |
| तालिका नं. ५.५ | छात्र र छात्राहरूको पठनबोध क्षमताको स्थिति | ४५ |
| तालिका नं. ५.६ | मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको पठनबोध क्षमताको तथ्याङ्क | ४८ |
| तालिका नं. ६.१ | सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति | ४९ |
| तालिका नं. ६.२ | मध्यमान र मानक विचलनका आधारमा पठनबोध क्षमताको स्थिति | ५१ |
| तालिका नं. ६.३ | संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति | ५३ |
| तालिका नं. ६.४ | मध्यमान र मानक विचलनका आधारमा पठनबोध क्षमताको स्थिति | ५५ |
| तालिका नं. ६.५ | सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति | ५६ |
| तालिका नं. ६.६ | मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलना | ५८ |

# स्तम्भ चित्र सूची

पृष्ठ


| | | |
|---|---|---|
| स्तम्भ चित्र नं. ४.१ | समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति | २७ |
| स्तम्भ चित्र नं. ४.२ | दृष्टांश पठनबोध क्षमतको स्थिति | ३० |
| स्तम्भचित्र नं. ४.३ | अदृष्टांश पठनबोध क्षमताको स्थिति | ३४ |
| स्तम्भ चित्र नं. ५.१ | छात्रहरूको पठनबोध क्षमताको स्थिति | ४० |
| स्तम्भ चित्र नं. ५.२ | छात्राहरूको पठनबोध क्षमताको स्थिति | ४३ |
| स्तम्भ चित्र नं. ५.३ | छात्र र छात्राहरूको पठनबोध क्षमताको तुलनात्मक स्थिति | ४७ |
| स्तम्भ चित्र नं. ६.१ | सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति | ५० |
| स्तम्भ चित्र नं. ६.२ | संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति | ५४ |
| स्तम्भ चित्र नं. ६.३ | सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक स्थिति | ५७ |

# वृत्तचित्र सूची


| | | पृष्ठ |
|---|---|---|
| वृत्तचित्रसङ्ख्या ४.१ | समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान प्रतिशत वृत्तचित्र | २९ |
| वृत्तचित्र सङ्ख्या ४.२ | दृष्टांश विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान प्रतिशतको वृत्तचित्र | ३२ |
| वृत्तचित्र सङ्ख्या ४.३ | अदृष्टांश विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान प्रतिशत वृत्तचित्र | ३६ |
| वृत्तचित्रसङ्ख्या ५.१ | छात्रहरूको पठनबोध क्षमताको मध्यमान प्रतिशतको वृत्तचित्र | ४२ |
| वृत्तचित्र सङ्ख्या ५.२ | छात्राहरूको पठनबोध क्षमताको मध्यमान प्रतिशतको वृत्तचित्र | ४५ |
| वृत्तचित्र सङ्ख्या ५.३ | छात्र र छात्राहरूको पठनबोध क्षमताको मध्यमान प्रतिशतको वृत्तचित्र | ४८ |
| वृत्तचित्र सङ्ख्या ६.१ | सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान प्रतिशतको वृत्तचित्र | ५२ |
| वृत्तचित्र सङ्ख्या ६.२ | संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान प्रतिशतको वृत्तचित्र | ५५ |
| वृत्तचित्र सङ्ख्या ६.३ | सामुदायिक र संस्थातग विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान प्रतिशतको वृत्तचित्र | ५९ |